# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स. : २०८१/०८२

च.न. :

## प्रदेश सरकारबाट सशर्त हस्तान्तरीत कार्यक्रम संचालन सम्बन्धमा

**(दोश्रो पटक सूचना प्रकाशन मितिः २०८१/११/०१)**

प्रस्तुत विषयमा यस विदुर नगरपालिकाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत प्रदेश तर्फको स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित विदुर नगरपालिका वडा नं. ६ मा कृषि उपज संकलन केन्द्र स्थापना गर्नुपर्ने भएकोले सो वडाका ईच्छुक कृषक समुह/ कृषि सहकारी/ बहुउदेश्यीय सहकारी/निजि क्षेत्र (कृषि फर्म) हरुले सूचना प्रकाशन भएको मितिले १५ दिन (मितिः २०८१/११/१५ गते) भित्र तोकिएका आवश्यक कागजातसहित यस कार्यालयको कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्रास हुन आएका आवेदनहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| क्र.स | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने वडा | विनियोजित बजेट (रु) | अनुदान सिमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि उपज संकलन केन्द्र स्थापना | ६ | ५,००,००० | संरचना निर्माणमा ८० प्रतिशत र उत्पादन सामाग्री (बीउ, विषादी, सिंचाई सामाग्री, कृषि उपकरण लगायत) मा ५० प्रतिशत अनुदान | "स्थानीय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ अनुरुप संचालन हुने । |

आवेदन मूल्यांकनका मापदण्डहरुः

| क्र.स | कार्यक्रम | मूल्यांकनका मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | कृषि उपज संकलन केन्द्र स्थापना | - न्युनतम १ रोपनी क्षेत्रफलमा संचालन हुने<br>- जग्गा आवेदकको स्वामित्वमा हुनुपर्ने/ लिजमा लिएको भए कम्तिमा १५ वर्षको लागि करार सम्झौता भएको भए सम्झौता पत्रको प्रतिलिपि<br>- यातायात र विद्युतको सुविधाको पहुँच भएको<br>- कृषि उपज संकलन हुने परिमाण र समय उल्लेख भएको<br>- लाभान्वित कृषक घरधुरी<br>- कृषि बजार क्षेत्र नजिक वा आसपासमा कृषि उपजको व्यवसायिकताको अवसर भएको | |

सुधाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# विदुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स. : २०८१/०८२
च.न. :

---

<u>आवश्यक कागजातहरुः</u>

१. पूर्णरुपमा भरिएको नगरपालिकाद्वारा उपलब्ध गराइएको प्रस्ताव फारम
२. संस्थाको हकमा संस्था दर्ता, प्यान, करचुक्ताको प्रमाण-पत्रको प्रतिलिपि र समुह सहकारीको हकमा निर्णयको प्रतिलिपि
३. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
४. सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र
५. मापदण्डमा तोकिएको अन्य आवश्यक कागजातहरु

पुनश्चः लागत अनुमान अनुसार खर्च हुने शिर्षकगत रकमको लागत साझेदारी सम्झौता गर्दा उपलब्ध गराउनु पर्नेछ । साथै उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

थप जानकारीका लागि विदुर नगरपालिका कृषि विकास शाखा वा सम्पर्क नं. ९८६०३५६४४१, ९८४२५९५०५२, ९८४३९३७८११ मा सम्पर्क गर्नहुन अनुरोध छ ।

सुभाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत